# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) धनगढी, नेपाल, साउन ८ गते, २०८२ साल (अतिरिक्ताङ्क ६

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालयको
## सूचना

**बयालपाटा प्रादेशिक अस्पताल सञ्चालन तथा व्यवस्थापन (गठन) आदेश, २०८२**



**प्रस्तावना:** प्रदेश सरकार मातहत सञ्चालन गर्ने गरी स्वामित्व ग्रहण गरिएको बयालपाटा प्रादेशिक अस्पतालको सञ्चालन तथा व्यवस्थापन गर्दै अस्पतालको सेवा प्रवाहलाई गुणस्तरीय, प्रभावकारी र पहुँचयोग्य बनाउन वाञ्छनीय भएकाले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस आदेशको नाम "बयालपाटा प्रादेशिक अस्पताल सञ्चालन तथा व्यवस्थापन (गठन) आदेश, २०८२" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,

(क) "अस्पताल" भन्नाले बयालपाटा प्रादेशिक अस्पताल सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले दफा ४ बमोजिम नियुक्त भएको अस्पतालको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम भन्नाले यस आदेश अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ।

(छ) "समिति" भन्नाले दफा ८ बमोजिम गठन भएको बयालपाटा प्रादेशिक अस्पताल व्यवस्थापन समिति सम्झनुपर्छ।

(ज) "सम्झौता" भन्नाले मन्त्रालय र न्याय हेल्थ नेपाल बीच मिति २०८२।०३।२२ मा भएको द्विपक्षीय सम्झौता सम्झनु पर्छ।

३. **अस्पतालको सञ्चालन तथा व्यवस्थापनः** (१) प्रदेश सरकार मातहत सञ्चालन तथा व्यवस्थापन हुने गरी बयालपाटा प्रादेशिक अस्पतालको स्थापना गरिएको छ।

(२) अस्पताल अछाम जिल्लाको साँफेबगर नगरपालिका वडा नं. ७ मा रहनेछ।

(३) उपदफा (१) बमोजिमको अस्पताललाई पचास शैयाको प्रादेशिक अस्पतालको रुपमा सञ्चालन गरिनेछ।

(४) प्रदेश सरकारले २०८२ श्रावण मसान्तभित्र स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ बमोजिम संगठन संरचना तथा दरबन्दी व्यवस्थापन सर्वेक्षण (O&M) र जनशक्ति व्यवस्थापनको कार्य सम्पन्न गरी सम्झौता बमोजिम २०८२ भाद्र १ गतेदेखि अस्पताल सञ्चालनमा ल्याउनेछ।





४. **कार्यकारी निर्देशकः** (१) अस्पतालको कार्यकारी प्रमुखको रुपमा काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ।

(२) लोकसेवा आयोगको समन्वयमा चिकित्साशास्त्र विषयमा स्नातकोत्तर गरी स्वास्थ्य क्षेत्रमा कम्तीमा दश बर्षको कार्य अनुभव भएका आवेदकहरुमध्येबाट छनौट गरिएको व्यक्तिलाई प्रदेश सरकार (मन्त्रिपरिषद्) ले कार्यकारी निर्देशकको रुपमा नियुक्त गर्नेछ। कार्यकारी निर्देशक छनौट सम्बन्धी अन्य कार्यविधि मन्त्रालयले स्वीकृत गरेबमोजिम हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो आदेश प्रारम्भ भएपछि पहिलो पटकका लागि मन्त्रालयको सिफारिसमा चिकित्साशास्त्र विषयमा स्नातकोत्तर गरी स्वास्थ्य क्षेत्रमा कम्तीमा दश बर्षको कार्य अनुभव भएको व्यक्तिलाई प्रदेश सरकार (मन्त्रिपरिषद्) ले कार्यकारी निर्देशकको रुपमा नियुक्त गर्नेछ।

(४) यस दफाबमोजिम नियुक्त हुने कार्यकारी निर्देशकको पदावधि तीन बर्षको हुनेछ।

(५) कार्यकारी निर्देशकको पारिश्रमिक तथा सेवा सुविधा प्रदेश सरकारको एघारौं तहको कर्मचारी सरह हुनेछ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले पद अनुरुपको काम नगरेमा वा अस्पतालको हित विपरीत कुनै काम गरेको प्रमाणित भएमा मन्त्रालयको सिफारिसमा नियुक्त गर्ने निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(७) उपदफा (६) बमोजिम पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(८) यस दफाबमोजिम कार्यकारी निर्देशक नियुक्त नभएसम्मका लागि मन्त्रालयले स्वास्थ्य सेवाको एघारौ तहको कर्मचारीलाई कार्यकारी निर्देशकको रुपमा कामकाज गर्नेगरी तोक्न सक्नेछ।

५. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः</u> दफा ४ बमोजिम नियुक्त कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः-

(क) अस्पतालको दैनिक आर्थिक, प्रशासनिक र व्यवस्थापकीय कार्य गर्ने,

(ख) अस्पतालको स्वीकृत बार्षिक कार्यक्रमको कार्यान्वयन गर्ने गराउने,

(ग) समितिको बैठकको निर्णय कार्यान्वयन गर्ने,गराउने,

(घ) अस्पतालको काम कारवाहीको सम्बन्धमा विभिन्न निकायसँग समन्वय गर्ने,

(ङ) मन्त्रालयबाट निर्देशन भए बमोजिमका कार्य गर्ने, गराउने,

(च) अस्पतालको जनशक्ति व्यवस्थापन सम्बन्धी काम गर्ने, गराउने,

(छ) अस्पतालको सम्पति संरक्षण र सम्बर्द्धन गर्ने,

(ज) अस्पतालको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने,





(झ) अस्पतालको सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्ने, गराउने,

(ञ) संघीय सरकार र प्रदेश सरकारले उपलब्ध गराउने निःशुल्क तथा स्वास्थ्य बीमा कार्यक्रमले समेटेका औषधीहरु अस्पतालको फार्मेसीबाट उपलब्ध हुने व्यवस्था गर्ने, र

(ट) प्रदेश सरकारले तोकेबमोजिमका अन्य काम गर्ने,गराउने।

६. <u>जनशक्ति तथा मानव स्रोत व्यवस्थापनः</u> (१) अस्पतालमा प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत संगठन संरचना तथा दरबन्दी व्यवस्थापन सर्वेक्षण (O&M) का आधारमा चिकित्सक, स्वास्थ्यकर्मी, प्रशासनिक र अन्य आवश्यक जनशक्तिहरु रहनेछन्। स्वीकृत दरबन्दीको स्थायी पदपूर्ति प्रदेश लोकसेवा आयोगले गर्नेछ।

(२) प्रदेश सरकारबाट स्वीकृत O&M बमोजिम मन्त्रालयले २०८२ श्रावण मसान्तभित्र जनशक्ति व्यवस्थापनको कार्य सम्पन्न गरी २०८२ भाद्र १ गतेदेखि सेवा प्रारम्भ गर्नेछ।

(३) प्रदेश लोकसेवा आयोगबाट स्थायी पदपूर्ति नभएसम्म स्वीकृत दरबन्दीमा करार सेवामा जनशक्ति व्यवस्थापन गर्न सकिनेछ। करार सेवामा जनशक्ति व्यवस्थापन गर्दा सम्झौता हुँदाको मितिसम्म बयालपाटा अस्पतालमा कार्यरत जनशक्तिलाई प्राथमिकतामा राखिनेछ।

(४) चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्तिहरुको सेवा सुविधा प्रदेश सरकारको प्रचलित कानून बमोजिम हुनेछ।

(५) करार सेवामा गरिने पदपुर्ति सम्बन्धी विस्तृत व्यवस्था दफा ७ मा उल्लेख भएबमोजिम हुनेछ।

७. <u>करार सेवाको पदपुर्ति सम्बन्धी व्यवस्था:</u> (१) प्रदेश लोकसेवा आयोगबाट स्थायी पदपूर्ति नहुन्जेलसम्म स्वीकृत दरबन्दी अनुसारका पदमा करार सेवामा जनशक्ति व्यवस्थापन गर्दा पहिलो पटकका लागि देहायबमोजिमको विधिबाट पदपूर्ति गरिनेछः-

(क) आन्तरिक प्रतिस्पर्धा -७० प्रतिशत

<u>स्पष्टिकरण:</u> यस खण्डको प्रयोजनका लागि आन्तरिक प्रतिस्पर्धा भन्नाले सम्झौता हुँदाका मितिसम्म बयालपाटा अस्पतालमा कार्यरत रहेका सम्बन्धित पद वा तहका जनशक्तिहरु बीच प्रतिस्पर्धा गराई पदपुर्ति गरिने कार्यलाई सम्झनु पर्नेछ।

(ख) खुला प्रतिस्पर्धा -३० प्रतिशत

<u>स्पष्टिकरण:</u> यस खण्डको प्रयोजनका लागि खुला प्रतिस्पर्धा भन्नाले सार्वजनिक सूचना प्रकाशन गरी खुला प्रकृयाबाट पदपुर्ति गरिने कार्य सम्झनु पर्छ। यस प्रकृयामा सम्झौता हुँदाका मितिसम्म बयालपाटा अस्पतालमा कार्यरत रहेका र योग्यता पुगेका जनशक्तिहरु पनि सहभागी हुन पाउनेछन्।





(२) आन्तरिक प्रतिस्पर्धामा उम्मेदवार बन्न उमेरको हद लाग्ने छैन।

(३) आन्तरिक प्रतिस्पर्धामा जनशक्ति उपलब्ध हुन नसकेमा उक्त पदहरु खुला प्रतिस्पर्धाबाट पदपूर्ति गरिनेछ।

(४) यस दफाको प्रयोजनका लागि करार सेवामा पदपूर्ति गर्नका लागि देहाय बमोजिमको छनौट तथा सिफारिस समिति रहनेछः-

(क) अस्पतालको कार्यकारी निर्देशक वा मन्त्रालयले तोकेको कम्तीमा दशौं तहको कर्मचारी - संयोजक

(ख) मन्त्रालयले तोकेको सम्बन्धित विषयको विज्ञ - सदस्य

(ग) अस्पताल विकास तथा चिकित्सा महाशाखाको अधिकृत - सदस्य

(घ) कानून अधिकृत, मन्त्रालय - सदस्य

(ङ) अधिकृत प्रतिनिधि, प्रदेश लोकसेवा आयोग - सदस्य

(च) प्रशासन शाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(५) परीक्षा सञ्चालन तथा छनौट प्रकृया देहायबमोजिम हुनेछः-

(क) संक्षिप्त सूची र अन्तर्वार्ता, वा

(ख) संक्षिप्त सूची, लिखित र अन्तर्वार्ता, वा

(ग) लिखित र अन्तर्वार्ता, वा

(घ) अन्तर्वार्ता मात्रै।

(६) परीक्षा सञ्चालन र छनौट प्रकृया सम्बन्धी विस्तृत मापदण्ड उपदफा (४) बमोजिमको समितिले निर्धारण गरेबमोजिम हुनेछ।

(७) यस दफा बमोजिम नियुक्त भएका जनशक्तिहरुसँग करार सम्झौता गर्दा आर्थिक बर्ष ननाघ्ने गरी एक पटकमा बढीमा एकबर्षको लागि करार सम्झौता गरिनेछ र कार्यसम्पादन मूल्यांकनका आधारमा उक्त सम्झौता नवीकरण गर्न सकिनेछ।

(८) यस दफामा रहेको करारमा पदपूर्ति गर्ने सम्बन्धी प्रकृयागत व्यवस्था आ.वं. २०८२/८३ सम्म मात्र लागू रहनेछ। सो पश्चात मन्त्रालयबाट स्वीकृत भई कार्यान्वयमा रहेको करार सेवामा चिकित्सक तथा स्वास्थ्यकर्मी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम हुनेछ।

८. **अस्पताल व्यवस्थापन समितिको गठनः** (१) अस्पतालको कामकाजलाई गुणस्तरिय, प्रभावकारी र स्वास्थ्य सेवालाई थप सुदृढ बनाउनका लागि देहायबमोजिमको एक बयालपाटा प्रादेशिक अस्पताल व्यवस्थापन समिति रहनेछ।

(क) अस्पताल रहेको स्थानीय तहको प्रमुख -अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, अछाम - सदस्य

(ग) अस्पताल रहेको वडाको वडाध्यक्ष - सदस्य

(घ) प्रमुख, स्वास्थ्य कार्यालय अछाम -सदस्य

(ङ) प्रमुख, जिल्ला रेडक्रस सोसाइटी अछाम - सदस्य

(च) अस्पताल रहेको जिल्लामा वसोबास गर्ने समाजसेवी मध्येबाट समावेशी सिद्धान्तको आधारमा कम्तीमा एकजना महिला सहित मन्त्रालयले मनोनीत गरेको तीनजना - सदस्य

(छ) अस्पतालको कार्यकारी निर्देशक - सदस्य सचिव





(२) उपदफा (१) को खण्ड (च) बमोजिमका मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

(३) समितिको बैठकमा भाग लिए वापत समितिका सदस्यहरुले नियमानुसारको बैठक भत्ता पाउनेछन्।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (२) को खण्ड (च) बमोजिम मनोनीत सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा वा अस्पतालको हितविपरीत काम गरेको पाइएमा मन्त्रालयले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(५) उपदफा (५) बमोजिम पदबाट हटाउनुअघि सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

(६) समितिको सचिवालय अस्पतालमा रहनेछ।

९. **समितिको काम, कर्तव्य र अधिकारः** दफा ८ को उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकारहरु देहायबमोजिम हुनेछन्:-

(क) प्रभावकारी ढंगले अस्पतालको व्यवस्थापन तथा सञ्चालन गर्न सहयोग गर्ने,

(ख) अस्पतालको समग्र सेवा सुधार तथा अभिवृद्धि गरी गुणस्तरीय तुल्याउनको लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,गराउने,

(ग) अस्पताल व्यवस्थापन र सञ्चालनको लागि आवश्यक स्रोतसाधन जुटाउने,

(घ) अस्पतालको वार्षिक आन्तरिक बजेट तथा अस्पताल व्यस्थापन समितिलाई विभिन्न श्रोतबाट प्राप्त अनुदान बजेट स्वीकृत गर्ने,

(ङ) अस्पतालको सेवा शुल्क निर्धारण गर्ने,

(च) अस्पतालको भौतिक सम्पत्तिको संरक्षण, अभिलेखीकरण,मर्मत सम्भार तथा विकास गर्ने,

(छ) अस्पतालको लागि थप प्राविधिक वा प्रशासनिक जनशक्ति आवश्यक पर्ने भएमा मन्त्रालयको पूर्व स्वीकृति लिई समितिले अस्पताल व्यवस्थापन समितिको आन्तरिक स्रोतबाट पारिश्रमिक दिने गरी आवश्यक जनशक्ति प्रचलित कानून अनुसार करारमा नियुक्त गर्न सक्नेछ।

तर समितिको श्रोतबाट बढीमा साठी प्रतिशत रकम मात्र जनशक्ति व्यवस्थापनको लागि खर्च गर्न सकिनेछ। सो बाहेक बाँकी रकम अस्पतालको





भौतिक सुधार, औषधि उपचार र अन्य आवश्यक सेवामा खर्च गर्नु पर्नेछ।

(ज) अस्पतालको सेवालाई गुणस्तरीय, चुस्त, दुरुस्त बनाउनका लागि आवश्यक कार्य गर्ने,

(झ) अस्पतालबाट प्रदान गरिएका सेवासुविधाहरुको अनुगमन, नियमन तथा मूल्यांकन गर्ने,

(ञ) अस्पतालको अर्धवार्षिक र वार्षिक रुपमा प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने,

(ट) आर्थिक रुपमा असहाय तथा असक्षम बिरामीको लागि सहुलियत उपचारको व्यवस्था मिलाउने,

(ठ) अस्पतालको सेवा तथा आय व्यय आदिको वार्षिक सामाजिक परिक्षण गर्ने, गराउने र सोको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको बढीमा तीन महिना भित्र मन्त्रालयमा पेश गर्ने,

(ड) प्रदेश सरकारले तोकेबमोजिमका अन्य कार्यहरु गर्ने।

१०. <u>समितिको बैठक सम्बन्धी कार्यविधि</u>ः (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सदस्य-सचिवले अध्यक्षको निर्देशन बमोजिम बैठक बस्ने सूचना र बैठकको कार्यसूची बैठक

बस्नु भन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ।

(४) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नेछन्।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

११. <u>बजेट र खाता सञ्चालन सम्बन्धी व्यवस्थाः</u> (१) अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने बजेट प्रदेश सरकारले उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिमको बजेट र कोषको खाता सञ्चालन कार्यकारी निर्देशक र प्रदेशको आर्थिक मामिला मन्त्रालयले तोकेको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

१२. <u>समितिको कोषः</u> (१) समितिको एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायबमोजिमको रकम रहनेछः-

(क) संघीय सरकारबाट प्राप्त रकम,





(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्थानीय तहबाट प्राप्त रकम,

(घ) अस्पतालले प्रदान गरेको सेवा तथा सुविधा बापत प्राप्त आन्तरिक आय रकम,

(ङ) अन्य दातृ निकाय तथा विकास साझेदार संस्थाबाट प्राप्त सहयोग वा अनुदान रकम।

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) समितिको कोषमा प्राप्त हुने रकम नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त बैंकमा समितिको नाममा खाता खोली जम्मा गर्नुपर्नेछ।

(५) समितिको कोष सञ्चालन सम्बन्धी अन्य कार्यविधि समिति आफैले बनाउन सक्नेछ।

१३. <u>लेखा र लेखापरीक्षणः</u> (१) अस्पताल र समितिको आय व्ययको लेखा नेपाल सरकार र प्रदेश सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ।

(२) आन्तरिक लेखा परीक्षण प्रचलित कानूनबमोजिम हुनेछ।

(३) अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ।

(४) मन्त्रालयले जुनसुकै बखत अस्पताल र समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र नगदी, जिन्सीको विवरण जाँच गर्न वा जँचाउन सक्नेछ।

१४. <u>सम्पत्तिको स्वामित्व सर्ने:</u> यो आदेश प्रारम्भ हुँदाका बखत बयालपाटा अस्पतालको स्वामित्व र प्रयोगमा रहेका जग्गा, भवन, भौतिक पूर्वाधार, फर्निचर, स्वास्थ्य उपकरण, मेसीनरी औजार, विद्युतीय उपकरण, औषधिहरु र अन्य चल सम्पत्तिहरुको स्वामित्व प्रदेश सरकारमा सर्नेछ।

१५. <u>अधिकार प्रत्यायोजन:</u> समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

१६. <u>वार्षिक प्रतिवेदन</u>: अस्पताल र समितिले आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

१७. <u>प्रदेश सरकारसँग सम्पर्क :</u>अस्पताल र समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

१८. <u>निर्देशन दिन सक्ने:</u> मन्त्रालयले अस्पतालबाट सम्पादन गरिने कामकारबाहीको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ।

**आज्ञाले,**
**डा. चेतराज जोशी**
**प्रदेश सरकारको निमित्त सचिव।**



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. १०।-